आज मिति २०८२।०२।१२ गते सोमबारको दिन विहान १०:०० बजे यस वराहपोखरी गाउँपालिकाका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न विषयमा छलफल एवं निर्णय गरियो।

**उपस्थिति**

| क्र सं | पद | पदाधिकारीको नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री शालिकराम बन्जारा | |
| २ | उपाध्यक्ष | श्री भुवलराज राई | |
| ३ | प्र.प्र.अ./सदस्य सचिव | श्री दिल कुमार अधिकारी | |
| ४ | सदस्य | श्री ढक बहादुर कार्की | |
| ५ | सदस्य | श्री पदम बहादुर मगर | |
| ६ | सदस्य | श्री तारा कुमार राई | |
| ७ | सदस्य | श्री सन्तोष आचार्य | |
| ८ | सदस्य | श्री फौदराज राई | |
| ९ | सदस्य | श्री दुर्गा बहादुर राई | |
| १० | सदस्य | श्री गणेश बहादुर परियार | |
| ११ | सदस्य | श्री पुर्ण बहादुर माझी | |
| १२ | सदस्य | श्री चिजा दर्जी | |
| १३ | सदस्य | श्री शोभा राई | |
| १४ | सदस्य | श्री कमला नेपाली | |
| १५ | सदस्य | श्री मनिशा विश्वकर्मा | |

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. गाउँपालिकाभित्र बसाईसरी आउने व्यक्तीहरुका लागि प्रोत्सान कार्यविधि उपर छलफल सम्बन्धमा ।
३. संचालन भईरहेका योजनाको समिक्षा तथा प्राविधिक शाखाबाट प्रगति विवरण सम्बन्धमा ।
४. धाप्लाङ-वराहपोखरी सडक मर्मत योजना अन्तर्गतको कामको विवरण तथा अपुग रकम सम्बन्धमा ।
५. रकमान्तर सम्बन्धमा ।
६. सुन्तला पकेट क्षेत्र कार्यक्रम सम्बन्धमा ।
७. अदुवा बेसार खेति विस्तार कार्यक्रम सम्बन्धमा ।
८. लक्षित वर्ग कार्यक्रम सम्बन्धमा ।
९. सामाजिक सुरक्षा भत्ता बेरुजु फछ्यौंट प्रतिवेदन सम्बन्धमा ।
१०. प्र.अ. नियुक्ति सम्बन्धमा ।
११. माछा पालन गर्ने कृषकहरुलाई प्रोत्साहन कार्यक्रम सम्बन्धमा ।
१२. आगामी आ व २०८२।०८३ को गाउँसभा तथा बजेट (तर्जुमा/सिलिङ) सम्बन्धमा ।
१३. विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं १:** अघिल्लो कार्यपालिका बैठकको समिक्षा गरियो ।

**निर्णय नं २:** वराहपोखरी गाउँपालिकाको कार्यालयबाट तयार पारिएको यस गाउँपालिकाभित्र बसाईसरी आउने व्यक्तीहरुका लागि प्रोत्सान कार्यविधिको ड्राफ्ट उपर छलफल गरियो । उक्त ड्राफ्ट अध्ययन गरी संशोधन, थप-घट तथा परिमार्जन गरी आगामी कार्यपालिकाबाट थप छलफल एवं सो कार्यविधि पास गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:** चालु आ व २०८१।०८२ मा संचालन भइरहेको योजनाको समिक्षा गरियो ।

**निर्णय नं ४:** चालु आ.व. २०८१।०८२ मा उपभोक्ता समिति मार्फत सञ्चालन भएको धाप्लाङ-सिन्ताङ सडक मर्मत योजनाको प्राविधिक लागत अनुमान बमोजिम वडा नं. २ स्थित चेकेथुम र किम्बु खोलामा ग्याविन जाली निर्माण गर्ने भनि सम्झौता समेत भएको तर प्राविधिक कारणवश ग्याविन जाली निर्माण कार्यको सम्पूर्ण Quantity चेकेथुममा नै पूरा भएको तथा किम्बु खोलामा तत्काल ग्याविन जाली निर्माण नगर्दा आवत-जावतमा समस्या आइपर्ने भएको हुँदा हाललाई प्राविधिक इस्टिमेट गरी तत्काल उक्त ग्याविन जाली निर्माण गर्ने र त्यसको भुक्तानीका लागि आगामी गाउँसभाबाट बजेट विनियोजन गरी थप प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं ५:** यस गाउँपालिकाको चालु आ व २०८१।०८२ मा स्वीकृत तपसिल बमोजिमका योजनाहरुमा रकमान्तर गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि नं | योजनाको शिर्षक | रकमान्तर हुने शिर्षक | रकमान्तर बजेट |
|---|---|---|---|
| १ | कर्मचारी पारीश्रमिक | JCB एम्बुलेन्स तथा कृषि एम्बुलेन्स मर्मत सम्भार तथा सञ्चालन खर्च | २,००,०००।०० |
| | | कर्मचारी बैठकभत्ता | १,००,०००।०० |
| | | इन्धन कार्यालय प्रयोजन | १,००,०००।०० |

CamScanner